दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १९१ | बुटवल | २०८२ असार २३ गते, सोमबार | नेपाल संवत ११४५ | Monday July. 07, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

## सरकारबाट बाहिरियो नाउपा

बुटवल । नागरिक उन्मुक्ति पार्टी (नाउपा) प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारबाट बाहिरिएको छ ।

शनिबार बसेको नाउपा संसदीय दलको बैठकले सरकारबाट बाहिरिने र समर्थन पनि फिर्ता लिने निर्णय गरेको थियो ।

केपी ओली नेतृत्वको सरकारमा नाउपाबाट सांसद अरुण चौधरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री थिए । चौधरीले आइतबार साँझ राजीनामा बुझाएका हुन् ।

प्रतिनिधिसभामा नाउपाका चार सांसद छन् । नाउपाले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री ओलीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने हुन्छ ।

अघिल्लो वर्ष असारमा कांग्रेस, नाउपालगायतका दलको समर्थनमा एमाले अध्यक्ष ओली प्रधानमन्त्री बनेका थिए ।

नागरिक उन्मुक्ति पार्टीले लुम्बिनी प्रदेश सरकारमाथिको पनि समर्थन फिर्ता लिएको संसदीय दलका नेता धर्म चौधरीले बताए । लुम्बिनी प्रदेशमा नाउपाबाट ४ सांसद छन् ।

केन्द्रीय समितिले संघीय सरकारबाट फिर्ता हुने निर्णय गरेसँगै लुम्बिनीमा पनि संसदीय दलको बैठकले समर्थन फिर्ता निर्णय गरेको हो । नाउपाले एमालेबाट मुख्यमन्त्री बनेका चेतनारायण आचार्यलाई गत साउनदेखि समर्थन गर्दै आएको थियो । तर, संघ र सुदूरपश्चिममा सरकारबाट बाहिरिएसँगै लुम्बिनीबाट पनि नागरिक उन्मुक्ति बाहिरिएको हो । अहिलेकै अवस्थामा ८६ सदस्यीय प्रदेशसभामा मुख्यमन्त्री आचार्यलाई ६५ जनाको समर्थन छ । जनमतकी प्रदेशसभा सदस्य गीता गुरूङ पदमुक्त भएपछि अहिले लुम्बिनी प्रदेशसभामा ८६ सांसद छन् । नागरिक उन्मुक्तिले समर्थन फिर्ता लिएपछि ६१ जनाको समर्थन आचार्यलाई रहने छ ।

## कञ्चनमा ४५१ जनालाई लालपुर्जा



बुटवल । रुपन्देहीको कञ्चन गाउँपालिका वडा नं. ५ मा ४५१ जना स्थानीयलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गरिएको छ । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लालपुर्जा वितरण गर्दै सरकारले ०८४ सालभित्रै देशभरका सबै भूमिहीनहरूलाई जग्गाधनी प्रमाणपूर्जा दिलाउने गरी काम गरेको बताए ।

'यो सरकारको अठोट हो, यसलाई जसरी पनि पूरा गरेर अघि बढ्छौं, अब कञ्चनको मात्रै होइन, रुपन्देहीको मात्रै होइन देशभर रहेका भूमिहीनलाई सम्पत्तिको मालिक बनाउने छौं, हामीले यसलाई ०८४ अघि नै पूरा गर्ने संकल्पका साथ काम गरेका छौं ।'-उनले भने ।

उप-प्रधानमन्त्री पौडेलले भने-'आफूहरूले निर्वाचनको बेला भूमिहीनसँग गरेको वाचाअनुसार कामलाई अघि बढाएको र निर्वाचनको बेला सिरानीमुनि लालपूर्जा राखेर सुत्न पाउनुहुन्छ भनेको स्मरण गर्दै त्यो बेला भावनात्मक रूपमा भनियो कि भन्ने डर लागेको, तर अहिले काम भइरहेको छ ।'

मन्त्री पौडेलले अहिलेको गठबन्धनको आयु ०८४ सम्म भएको दोहोऱ्याए । कार्यक्रममा भूमि आयोगका केन्द्रीय अध्यक्ष हरिप्रसाद रिजाल, रुपन्देही क्षेत्र नं. ५ का प्रतिनिधिसभा सदस्य बासुदेव घिमिरे, पूर्वसांसद भरत शाह, लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाललगायतले सम्बोधन गरेका थिए ।

# सडक आयोजनाका नाममा अवैध उत्खनन्

**बस्ती र पुल जोखिममा पर्ने गरी भएको नदी उत्खनन्को स्थानीयले विरोध गरेपछि डोजर र टिप्पर प्रहरीले नियन्त्रणमा लिएको छ ।**





**लुम्बिनी संवाददाता**

*बुटवल*

बुटवलमा बुटवल-गोरुसिङ्गे सडक आयोजनाका नाममा निर्माण व्यवसायीले बस्ती र पुल जोखिममा पर्ने गरी नदी उत्खनन् गरेपछि स्थानीय विरोधमा उत्रिएका छन् ।

बुटवल उप-महानगरपालिका वडा नं. १२ सतगढी खोलामा बस्तीलाई नै जोखिममा पारेर अवैधरुपमा नदीजन्य पदार्थको उत्खनन् गरेपछि स्थानीयले रोकेका छन् । स्थानीय विरोधमा उत्रेपछि प्रहरीले निर्माण व्यवसायीको एउटा डोजर र टिप्पर नियन्त्रणमा लिएको छ ।

अनुगमन गर्ने मुख्य जिम्मेवार निकाय बुटवल उप-महानगर रमिते बनेपछि टोल विकास संस्थाका व्यक्तिहरूले प्रहरीलाई खबर गरेपछि खोलाबाट एउटा डोजर र बा. प्र. ०६-०० १ क ०३१४ नम्बरको टिप्पर नियन्त्रणमा लिएको हो । यसअघि उप-महानगरले लगाएको मगरघाट पुलभन्दा माथि उत्तरतर्फ र दक्षिणतर्फको ठेक्कामा पनि कार्यादेश र मापदण्डविपरीत उत्खनन् र चोरी निकासी भए पनि नियमित अनुगमन र कारबाही भएको थिएन ।

शनिबार बेलुका ४ बजेदेखि र आइतबार बिहान सतगढीमा पुल निर्माण स्थलभन्दा करिब दुई सय मिटर उत्तरतर्फ खोलाबाट २० टिप्परभन्दा बढी ढुंगा, गिट्टी, बालुवा निकालेको गणेश टोल विकास संस्थाका अध्यक्ष बेतकुमारी वाग्लेले जानकारी दिइन् । खोलाको दुवै तर्फ बस्ती छ ।

सतगढी र गणेशटोलको मध्यभागमा रहेको खोलाबाट खुलेयाम विना जानकारी ढुंगा, गिट्टी, बालुवा लगेपछि आफूहरूले रोक लगाएको उनले बताइन् । 'असार सकिने बेला डोजर ल्याएर धमाधम नदीजन्य पदार्थ निकालेपछि हामीले सोधिखोजी गर्दा पुल बनाउन हो भनेर कम्पनीका म्यानेजर भागे,' वाग्लेले भनिन्-'अनुगमन गर्नुपर्ने निकायले देखेर पनि नदेखे झैं गरेको छ, मिलेमतोमा चोरी निकासी भएको भन्ने देखिन्छ ।'

दुवैतर्फ बस्ती रहेको ठाउँमा असारको अन्तिममा डोजर ल्याएर उत्खनन् गरिनु बस्तीमा विपद् निम्त्याउनु र वातावरण विनाश भएकाले स्थानीयले विरोध गरेको स्थानीय मीनबहादुर पुनले बताए । 'बस्ती नै जोखिममा पार्ने गरी उत्खनन् भएकाले निर्माण कम्पनीका म्यानेजर भानु जोशीसँग उत्खनन्को कागजपत्र वा केही प्रमाण माग्दा निस्कनुभयो,' पुनले भने-'आयोजनाको नाममा अवैध उत्खनन् गर्नेमाथि कानुनी कारबाही हुनुपर्छ ।' आशीष निर्माण सेवा नेपाल जेभीले खोलाबाट नदीजन्य पदार्थ उत्खनन् गरेर डम्पिङ गर्ने गरेको छ । पुलको फिलिङ गर्ने भने पनि त्यहाँबाट निकालिएको नदीजन्य पदार्थ करिब तीन सय मिटर पूर्व डम्पिङ गर्ने गरिएको छ । यसले आयोजनाका नाममा खोलाबाट निकालेर उक्त ढुंगा, गिट्टी, बालुवा अन्यत्र बिक्री गर्ने आशंकालाई बल पुगेको पुनले बताए ।

बुटवल-चन्द्रौटा सडक विस्तार आयोजना कार्यालय प्रमुख इञ्जिनियर कुशलता न्यौपानेले आयोजनाका नाममा दुई सय मिटर परसम्म गएर उत्खनन् गर्न नपाउने भन्दै घटनाबारे निर्माण कम्पनीसँग जानकारी माग गर्ने बताइन् ।

सडक विस्तारका क्रममा अहिले चिनियाँ निर्माण कम्पनी सान्सी कन्स्ट्रक्सन इञ्जिनियरिङ ग्रुप र आशीष निर्माण सेवा नेपाल जेभीले पुल निर्माण गरिरहेको छ । सतगढी खोला पुल नं. २ को कामका लागि भन्दै नदीजन्य पदार्थ निकालेको निर्माण पक्षले बताएको छ । गोरुसिङ्गे-चन्द्रौटा सडक खण्डको १९ किलोमिटरका लागि अहिले पुल निर्माण भइरहेको छ ।

रुपन्देहीका स्थानीय तहहरुले तिनाउ, दानव, चरंगे, रोहिणीलगायत खोलामा यस वर्ष लगाएको ठेक्कामा ठेकेदार र क्रेसर व्यवसायीसँग मिलेमतो गरी अनुगमनमा आँखा चिम्लिंदा झण्डै एक अर्ब रुपैयाँको ढुंगा, गिट्टी, बालुवा चोरी निकासी भएको सम्बन्धित क्षेत्रका जानकारहरुको दाबी छ ।

घाटगद्दीमा लैजानुपर्ने ढुंगा, गिट्टी, बालुवा नजिकका क्रेसर उद्योगहरुमा लगेर खन्याएको प्रमाणसहितका समाचार प्रकाशित भए पनि जिल्ला प्रशासन कार्यालय, स्थानीय तह र जिल्ला समन्वय समितिले प्रभावकारी अनुगमन गरेर चोरी निकासी नियन्त्रणमा चासो दिएनन् । स्थानीयले जानकारी दिएर आउन दबाब दिएको बाहेक नियामक निकायले स्वतःस्फुर्त अनुगमन नगर्दा वातावरणीय जोखिम निम्तिने गरी जथाभावी उत्खनन् र चोरी हुँदा राज्यको ठूलो राजस्व गुमेको रुपन्देही-५ का संघीय सांसद एवं तिलोत्तमाका पूर्व मेयर बासुदेव घिमिरेले बताए ।

'यसपटक खुलेयाम चोरी निकासी गर्न छुट दिएको प्रत्यक्ष देखियो, यस्तो बेथिति यसअघि कहिल्यै भएको थिएन,' सांसद घिमिरेले भने-'सबैभन्दा जिम्मेवार हुनुपर्ने पालिका प्रमुख, उप-प्रमुख र वडाध्यक्षहरुको भूमिकामाथि नागरिकले प्रश्न गरेका छन् ।' घिमिरेले आफ्नो कार्यकालमा कार्यादेशविपरीत बढी परिमाण जथाभावी उत्खनन् र चोरी निकासी गरेको प्रमाण भेटेपछि वातावरण शाखा प्रमुखलाई बर्खास्त गरेका थिए ।

यसपटक नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन सरकार रहेको र अधिकांश ठेकेदार र क्रेसर व्यवयासी पनि यी दुबै पार्टी निकट भएकाले ठूलो आर्थिक चलखेलमा प्रभावकारी अनुगमन नभएको सम्बन्धित क्षेत्रका व्यवसायीहरु बताउँछन् । गत वर्ष प्रमुख जिल्ला अधिकारीले प्रत्येक उत्खनन् स्थलमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नगर प्रहरी गरी ५ जनाको टोली उत्खनन् अवधिभर खटाएका थिए ।

त्यसले धेरै हदसम्म चोरी निकासी रोकिएको थियो । जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चापागाईंले पुस-माघमै ठेक्का लगाउनुपर्नेमा आर्थिक वर्षको अन्तिममा जेठमा एकैपटक सबै पालिकाले ठेक्का लगाउँदा अनुगमन हुन नसकेको बताए । संघीय सरकारले नै सबै ठेक्का माघभित्र लगाउनुपर्ने भने पनि स्थानीय तहहरुले त्यसलाई अटेर गरी अख्तियारको दुरुपयोग गरेको उनको तर्क छ ।

### रूपन्देही-३ मा चुनावी माहोल तात्दै :

## मोतीपुरका गैरेद्वारा स्वतन्त्र उम्मेदवारी घोषणा




**लुम्बिनी संवाददाता**

*बुटवल*

रुपन्देही-३ मा हुने उप-निर्वाचनमा बुटवलका एक युवाले स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरेका छन् ।

निर्वाचन आयोगले आगामी कार्त्तिक १७ गते चुनाव हुने मिति तोकेको छ । चुनावको मिति तोकिएपछि पहिलोपटक बुटवल-१९ मोतीपुरका लेखनाथ गैरेले स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरेका छन् ।

गैरेले आइतबार पत्रकार सम्मेलन गरी उप-निर्वाचनमा उम्मेदवार बन्ने सार्वजनिक गरेका हुन् । गैरेले विद्यार्थी जीवनदेखि हालसम्म कुनै दलको सदस्यता नलिई स्वतन्त्र रहेकाले उप-निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिने निर्णयमा पुगेको बताए । राज्यका हरेक निकायमा चरम राजनीतिकरण हुँदा नागरिकमा वितृष्णा बढेकाले सुशासन दिने राम्रा कानुन बनाउन, बजेटको न्योचित र समानुपातिक वितरणका लागि स्वतन्त्र उम्मेदवारले जित्नुपर्ने गैरेको तर्क छ ।

२०५० सालदेखि बुटवलमा बस्दै आएका गैरले आफू क्षेत्र नं. ३ को स्थानीय भएकाले यहाँका सबै वर्ग र समुदायका समस्यासँग जानकार रहेको जनाए ।

'राजनीतिक दलहरुप्रति नागरिकमा वितृष्णा भएको देखेर जनभावनाअनुसार स्वतन्त्र शब्दलाई न्याय दिन उम्मेदवार बन्ने निर्णय गरेको हुँ ।'-पत्रकार सम्मेलनमा गैरेले भने । गैरेले गौतमबुद्ध विमानस्थल पूर्णक्षमतामा सञ्चालन, रुपन्देही ३ मा तिनाउ नदीमा स्थानीय तहहरुले लगाउने ठेक्कामा हरेक वर्ष करोडौं रुपैयाँको ढुंगा, गिट्टी, बालुवाको चोरी निकासी नियन्त्रण, खुला सीमाबाट हुने भन्सार छली र चोरी निकासी नियन्त्रण, मल, बिउ र सिँचाइको समस्या समाधान, पर्यटन र सुशासन आफ्नो प्राथमिक एजेण्डा रहेको उल्लेख गरे ।

उप-निर्वाचनमा नेपाली कांग्रेसबाट बालकृष्ण खाँण, भरत शाह, प्रमोद यादव, रामचन्द्र ढकाल, रमेश खनालगायतको नाम चर्चामा छ । तर नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएर थुनामा परी रिहा भएका खाँण उम्मेदवारी दर्ताको समयसम्म मुद्दाको किनारा लागे मात्रै उम्मेदवार बन्ने अन्यथा नबन्ने उनी निकटहरु बताउँछन् । एमालेबाट पोलिटब्युरो सदस्य खिमलाल भट्टराई, व्यवसायी शशि पौडेल, पूर्व प्रदेश सांसद दधिराम न्यौपाने, केन्द्रीय निर्वाचन आयोगका सदस्य भरत पोखरेल र सिद्धार्थनगर नगरपालिकाका पूर्वमेयर हरि अधिकारी पनि उम्मेदवार बन्ने चर्चा छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दीपक बोहराका छोराहरु क्या. गौरव बोहरा, प्रज्ज्वल बोहरा, नातिनी स्वाती थापा, पूर्व मेयर सागरप्रताप राणालगायत आकांक्षी छन् । गौरव र प्रज्ज्वल दुई श्रीमतीका छोरा हुन् ।

माओवादी केन्द्रसहितका विपक्षी दलबाट एकीकृत समाजवादीका महासचिव घनश्ययाम भुसाल र युवा नेता एवं अस्पताल व्यवसायी कमल भण्डारी उम्मेदवार बन्ने चर्चा छ ।

रास्वपाबाट उम्मेदवारका आकांक्षी आफैं खुलेका छैनन् । तर आकांक्षी निकटहरुका अनुसार क्षेत्र नं. ३ का सभापति मधु अर्याल, सहकारी अभियान्ता ज्ञानु पौडेललगायतको नाम चर्चामा छ ।

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबाट नागरिक उन्मुक्ति पार्टीले उम्मेदवारी दिने ७ दलबिच सहमति भएको थियो । नागरिक उन्मुक्तिबाट रेशम चौधरी र धनिराम चौधरी उम्मेदवार बन्ने चर्चा छ । तर ७ दलको सहमतिबाट पछि हटेर जनमत पार्टीले छुट्टै उम्मेदवार उठाउने चर्चा छ । उता काठमाडौंको मेयर बालेन शाहका समर्थक समेत स्वतन्त्र उम्मेदवार उठ्ने चर्चा छ । ती उम्मेदवारलाई गत आम चुनावमा डडेल्धुरामा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग चुनाव लडेर हारेका सागर ढकालले सहयोग गर्ने स्रोतको दाबी छ ।



# सम्पादकीय

## प्रकृतिमैत्री पूर्वाधार बनाऔं

पर्यावरणीय सन्तुलनलाई ध्यान नदिँदा हामी बिथोलिएका छौं । हाम्रो जीवन बिथोलिएको छ । जीवनशैलीमा आएको परिवर्तन पर्यावरण अनुकुल बनाउनुको साटो दोहनको श्रृंखलालाई निरन्तरता दिएका छौं, जसले सम्भावित जोखिमको चाङ बढाएको छ ।

प्रकृतिले हामीलाई धेरै दियो, नदीनाला, वनजंगल, वन्यजन्तु, चराचुरुङ्गीलगायत प्रकृतिले दिएका अमूल्य वस्तु र जीवजन्तुकै कारण मानव जीवन चलेको हो । हामीले सकेसम्म प्रकृतिले दिएका वस्तुको अधिकतम उपयोग गर्दै हाम्रो जीवनलाई सरल र समुन्नत बनाउन कोशिश गर्दैछौं, तर प्रकृतिको दोहनले जीवन तत्काललाई सरल र सुविधासम्पन्न हुनसक्छ, त्यसले पार्ने प्रभाव बहुआयामिक र गम्भीर हुन्छन् भन्ने हेक्का पटक्कै छैन ।

नदीखोलाबाटै मानव सभ्यताको विकास भयो । अहिले नदी खोलालाई हामीले मृत बनाउन थालेका छौं । नदी खोलामा पानी मात्रै बग्दैन । त्यो त असंख्य माछासहित धेरै जलचरको बासस्थान हो । चराचुरुङ्गीको आश्रयस्थल हो । नदी खोलामा पाइने जीवले नै हो, पानीलाई सफा पार्ने, तर अहिले अरु जीव बाँच्न नै नसक्ने गरी फोहर बनाउन थालेका छौं । जब नदी फोहर भयो, हामी नै संकटमा पर्‍यौं । बागमती फोहर हुँदा बागमती नदी मात्रै फोहर भएन्, काठमाडौंको जनजीवन नै अस्तव्यस्त भयो । तिनाउ नदी फोहर बन्दा बुटवलको सुन्दरता नै गुमेको छ । दोहनले तिनाउ वर्षेनी गहिँरिदा जोखिम बढेको छ ।

वनमा बहुजाति बिरुवा लगाउनुपर्नेमा एकै प्रकारको बिरुवा रोप्दा वनजंगलमा कतिपय वन्यजन्तु बाँच्नै नसक्ने अवस्था आएको छ । उनीहरु आहारा खोज्दै मानवबस्तीतिर आउन थालेका छन् ।

सडक निर्माण भइरहेको छ, तर सडक बनाउँदा आउने सम्भावित जोखिमलाई पटक्कै हेक्का राखेनौं । अहिले पहाडमा बनेका सडकले बस्तीको उठिबास लागेको छ । गएको असोज ११ र १२ गतेको वर्षापछिको बाढी र पहिरोबाट भएको क्षतिको प्रमुख कारण मानव श्रृजित क्रियाकलाप नै देखिए । रोशीको माथिल्लो क्षेत्रमा मनपरी क्रसर उद्योग चलाउन दिँदा नै बाढीले ठूलो क्षति गर्‍यो । नख्खुखोलाले गरेको क्षति पनि क्रसर उद्योगले मनपरी उत्खनन् गरेको माटो व्यवस्थापन नहुँदा भएको हो ।

पर्यावरणीय सन्तुलन कायम गर्ने हामीले नै हो । हामीले गर्ने विकास पूर्वाधारका काम कतै प्रकृतिमैत्री छन् कि छैनन् भन्ने छलफल हुनुपर्छ । विकास पूर्वाधार निर्माण गर्दा प्रकृतिको दोहन व्यवस्थित तरिकाले हुनुपर्छ भन्ने हेक्का हुनुपर्छ । राज्यसंयन्त्रलाई वातावरणमैत्री विकासका लागि दिशानिर्देश गर्ने अवसर हाम्रा सामु आएको छ । अहिलेसम्म भोगेका दुःख र कष्टबाट सिकेको ज्ञानलाई अवसरको रुपमा लिँदै सम्भावित जोखिमबाट बचौं ।

# नतिजा होइन, शिक्षण सिकाइ सुधारौं



नगेन्द्रराज पौडेल

यस स्तरको भेदभाव हुनुहुँदैन । कम्तीमा परीक्षाफलभन्दा अबको चासो शिक्षण सिकाइ कार्यकलाप सुधारतर्फ लक्षित हुनुपर्छ । 'कति पढ्ने होइन कि अब के पढ्ने ?' भन्ने मान्यताले स्थान पाउनुपर्छ । यसका लागि कक्षाकोठाको सिकाइ वातावरणमा नै सुधार आउनुपर्छ । घोकेर होइन, सिकेर पढाइ हुनुपर्छ । यसो गर्नका लागि उच्चतम प्रविधि प्रयोग गर्नुपर्छ र यसका लागि आवश्यक सामग्रीसहित शिक्षकलाई कक्षाकोठामा पस्ने वातावरण बनाइनुपर्छ ।

०८१ सालको कक्षा १० को अन्तिम परीक्षा (एसईई)को नतिजा सार्वजनिक भएअनुसार ६१ दशमलव ८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भए । गत वर्ष ४७ दशमलव ८७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । विगतभन्दा यो प्रतिशत १३ दशमलव ९४ प्रतिशतले बढी हो । विगतको तुलनामा यस वर्ष '४ जीपीए' ल्याउने विद्यार्थी संख्या पनि बढ्यो ।

यस अवस्थाले हाम्रो शैक्षिक उपलब्धिमा सुधार आएको संकेत गर्छ । तर, एकै वर्षबिच यतिको संख्यामा उत्तीर्ण हुने दर बढाउनका लागि शैक्षिक प्रणालीमा केके सुधार गरियो त ? यसको जवाफ भने कसैसँग पनि छैन । शिक्षकले पेसागत मागलाई लिएर आन्दोलन गर्दा प्रधानमन्त्री केपी शर्मा ओलीले '५२ प्रतिशत विद्यार्थी फेल गराउने अनि तनखा बढाइदेऊ भनेर आन्दोलन गर्ने ?' भन्दै व्यंग्य गरेका थिए । गत वर्ष झन्डै ५२ प्रतिशत विद्यार्थी अनुत्तीर्ण विषयप्रति प्रधानमन्त्रीको व्यंग्य लक्षित थियो ।

यसपटक आकस्मिक रूपमा नतिजामा बढोत्तरी आएपछि प्रधानमन्त्रीले भनेका छन्, 'बितेका वर्षमा नतिजा सुधार गर्न हामीले गरेको मेहनत काम लागेको छ ।' तर, उनले यसबिच नतिजा सुधारका लागि केके मेहनत गरे ? त्यो भने खुलाएका छैनन् । यसअघि नै उनले एक सार्वजनिक कार्यक्रममा 'यस वर्ष ७० प्रतिशत हाराहारी विद्यार्थी पास हुने' अनुमानसमेत सुनाएका थिए । वर्ष दिनमै नतिजामा उल्लेखनीय प्रगति देखिएपछि 'सिकाइमा सुधार गरिएको हो कि परीक्षा प्रणाली कमजोर पारियो ?' भन्ने प्रश्न पनि जन्मिएको छ ।

यस नतिजालाई लिएर शिक्षाविद् प्राडा विद्यानाथ कोइरालाले 'सिकाइको गुणस्तर सुधार भएर एकाएक नतिजा सुधार भयो' भनी विश्वास गर्नसक्ने आधार नरहेको बताएका छन् । 'कृपामा अंक थपियो कि विद्यार्थीकै क्षमता बढाएर पास गराइयो ? रातारात नतिजामा उल्लेखनीय सुधार आएकामा प्रश्न र आशंका गर्नुपर्ने ठाउँ देखिएको छ,' उनले औंल्याएका छन् । तर, प्रधानमन्त्री ओलीले शिक्षाविद् कोइरालाको भनाइको प्रतिकारमा थपे, 'कृपामा अंक दिएर सुधार भएको भए बाँकी ३८ प्रतिशत किन सफल भएनन् त ? के उनीहरूप्रति शिक्षकको दुश्मनी थियो ?' राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मा भने 'स्थानीय तहमा शिक्षा अधिकार पुगेपछि शिक्षण सिकाइमा सुधार भएकाले नतिजा सुधारोन्मुख देखिएको' तर्क पेस गर्छन् ।

**आशालाग्दो सुधार**

कारण जेसुकै होस्, एसईईमा आएको यो सुधार आशालाग्दो छ । देशभरबाट ९ सय ७१ विद्यार्थीले '४ जीपीए' ल्याए । गत वर्ष १ सय ८६ जनाको मात्रै जीपीए ४ थियो । यो निकै ठूलो प्राप्ति हो । आगामी दिन अब विगतभैंं 'पढ्योपढ्यो अनुत्तीर्ण अवस्था अन्त्य हुने' लक्षण देखिएको छ । यसलाई सकारात्मक रूपमा हेरिनुपर्छ । तर, सुधार परीक्षाफलभन्दा पनि शिक्षण सिकाइ क्रियाकलापलक्षित हुनुपर्छ । परीक्षा परिणामभन्दा विद्यार्थीको सिकाइमा ध्यान दिनुपर्छ । यो समयको माग र आवश्यकता दुवै हुन् ।

**गुणस्तरको चिन्ता**

'शिक्षामा गुणस्तर भएन' भनेर निकै गुनासो गरिएको पाइन्छ । शैक्षिक गुणस्तर निरपेक्ष पनि हुँदैन र शिक्षामा देखिने परिवर्तन अन्य क्षेत्रमा जस्तो तत्काल देखि"दैन पनि । सन् १९९० बाट थालिएको 'सबैका लागि शिक्षा'को नारासँगै शिक्षाको आधुनिकीकरणमा थुप्रै काम भएका छन् । सबैका लागि शिक्षाले २५ वर्षे यात्रा सन् २०१५ मा बिसाइसकेको छ । तर, पनि त्यसले तोकेका लक्ष्य, प्रतिबद्धता तथा उद्देश्यलाई अन्य अभियानले पनि कुनै न कुनै रूपमा प्रतिनिधित्व गरिरहेका छन् । 'दिगो विकास लक्ष्यको लक्ष्य नम्बर ४' मा 'गुणस्तरीय शिक्षा' र 'लक्ष्य नम्बर ५' मा 'लैंगिक समानताले प्रश्रय पाएको छ' भने सहस्राब्दी विकास लक्ष्यमा पनि शिक्षासम्बन्धी केही प्रावधान राखिएका छन् ।

बालमैत्री विद्यालय, विद्यालय शान्ति क्षेत्रजस्ता पक्ष शैक्षिक गुणस्तरका लागि र खासगरी विद्यार्थी टिकाउ र बिकाउ प्रयोजनका लागि निकै प्रयोगमा आएका छन् । अहिले शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि विद्यालय तहसम्म लैजान आवश्यक छ । अब पठनपाठन विद्यालयमा मात्र भन्ने मान्यता सञ्चार र सूचनाका कारणले क्रमशः हराउँदै छ । जहाँ विद्यालय त्यहाँ पढाइ होइन, जहाँ बच्चा त्यहाँ सिकाइ आवश्यक भइसकेको छ । अहिलेको समय भनेको बालबालिका विद्यालय जाने होइन, बालबालिका भएको ठाउँमा विद्यालय आउने हो । यसका लागि प्रविधिमैत्री सिकाइ आजको प्रमुख आवश्यकता हो ।

**शिक्षक योग्य पनि छन्**

अहिले शतप्रतिशत शिक्षक तालिमप्राप्त छन् । पहिल्यै तालिम लिएकालाई पनि समयसमय पुनर्ताजगीलगायत तालिम दिइएको छ । नवप्रवेशीका हकमा तालिम अनिवार्य गरिएको छ । शिक्षक हुनका लागि अध्यापन अनुमतिपत्र लिनुपर्ने केही अघिको अनिवार्यता र अहिले केही विषयमा शिक्षा विषय अध्ययन नगरे पनि ती विषयमा शिक्षक हुन सकिने प्रावधान छ । तर, 'तालिम कक्षाकोठामा कति पुग्यो कति पुगेन ?' यसको समीक्षा हुन भने बाँकी नै छ ।

**सरकारी प्रयास**

सरकारले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ । विद्यालयमा भौतिक सुविधा, खानेपानी व्यवस्थापन, छात्र-छात्राका लागि अलगअलग शौचालय व्यवस्था, महिला शिक्षक अनिवार्य व्यवस्था, छात्राका लागि स्यानिटरी प्याड उपलब्धतालगायत धेरै सुविधा प्रदान गरिएका छन् । यसबाट विद्यालय शिक्षामा सबैको पहुँच, नियमितता र शैक्षिक उपलब्धि वृद्धिका लागि सघाउ पुग्ने विश्वास गरिएको हो । आधारभूत तहको १ देखि ५ कक्षामा नियमित मूल्यांकन पद्धति व्यवस्था, कक्षा १० का लागि सबै विषयमा प्रयोगात्मक अंकभार व्यवस्था, अक्षरांकन मूल्यांकन पद्धति अवलम्बन आदि प्रबन्ध अनुत्तीर्ण दर कम गर्नेका लागि गरिएका हुन् । त्यसो त, विषयगत शिक्षक व्यवस्था, शतप्रतिशत शिक्षक तालिमप्राप्त, सबै शिक्षकसँग अध्यापन अनुमतिपत्र अनिवार्यताले पनि शिक्षण सिकाइ प्रभावकारी र गुणस्तरीय भई राम्रो नतिजाका लागि सघाएको हुनुपर्छ ।

**शिक्षक सुविधा**

शैक्षिक उपलब्धिको मुख्य संवाहक शिक्षक हो । शिक्षकलाई पर राखेर शैक्षिक उपलब्धि हासिल हुन सक्दैन । यसकारण शिक्षकलाई सधैं पेसाप्रति उत्प्रेरित बनाउनुपर्छ । भनाइ पनि छ 'बोकेको कुकुरले मृग मार्दैन ।' तसर्थ, शिक्षकलाई हर हिसाबले तयारी अवस्थामा राख्नैपर्छ । शिक्षा विकास शिक्षककै लगनशीलता र समर्पणबाट मात्र सम्भव छ । गुणस्तरीय सिकाइका लागि शिक्षकको विकल्प अझैं राम्रो शिक्षक हुन सक्ला, अरू हुनै सक्दैन । खोज विधिले 'विद्यार्थी स्वयं सक्रिय नभएसम्म सिकाइ हुँदैन' भन्छ । तर, खोज विधि प्रयोगका लागि विद्यार्थीलाई शिक्षकले नै प्रेरित गरिदिनुपर्छ । तसर्थ, शिक्षकको सम्मान र मर्यादाबाट मात्रै विद्यार्थीको सिकाइ प्रभावकारी हुन्छ । तर, शिक्षक आफ्ना जायज मागलाई लिएर पनि आन्दोलन गर्नुपर्ने अवस्था छ । कक्षाकोठामा हुनुपर्ने जनशक्ति विगतमा राजधानीका सडकमा देखियो, त्यो पनि नारा जुलुससहित । यस्तो अवस्थामा प्रत्यक्ष रूपमा प्रभावित विद्यार्थीका मन-मस्तिष्कमा 'कस्तो प्रभाव पार्ला ?' यसतर्फ पनि सोच्न र ध्यान दिन जरुरी छ ।

सरकारले निजामतीसरह शिक्षकलाई सेवा, सुविधा दिन थालेको धेरै भयो । सुरुमा अन्य कर्मचारीको तलब वृद्धि हुँदा शिक्षकको हुँदैनथ्यो । संघर्ष नै गर्नुपर्थ्यो । पेन्सनका हकमा पनि शिक्षकले धेरै संघर्ष गरिआएका हुन् । अहिले निजामतीसरह तलब, सेवा, सुविधा र निवृत्तिभरणसमेत व्यवस्था छ । अझैं पनि शिक्षकलाई जति सेवा सुविधा दिनुपर्ने हो, त्यति उपलब्ध नभएको अवस्था सही सत्य हो । एउटा शिक्षा शाखाको कुनै निजामती कर्मचारी सरकारी कामकाजकै सन्दर्भमा एक दिन कुनै विद्यालय जान्छ भने उसले नियमानुसारको दैनिक भ्रमण भत्ता सुविधा पाउँछ । उही विद्यालयको शिक्षक उही शिक्षा शाखामा महिनामा दुईपटक कामकाजकै सिलसिलामा आउँदा उसले 'अतिरिक्त सुविधाका नाम' मा १ पैसा पनि पाउँदैन । दैनिक भ्रमण भत्ताको त कुरै छाडौं, एउटा निजामती सरुवा भई जाँदा पाँच जना परिवारसमेतको दैनिक भ्रमण भत्ता पाउँछ, तर उहीसरहको शिक्षक सरुवा हुँदा कुनै पनि रकम पाउने व्यवस्था छैन । यसरी सेवामा विभेद गरेर उच्चस्तरीय कार्यसम्पादन मात्र खोज्ने प्रवृत्ति कति सान्दर्भिक छ ? सोंचौ ।

शिक्षकको वृत्ति विकासको पाटो पनि ओझेलमा छ । निजामतीमा आएको २४(घ) शिक्षकका लागि एकपटक मात्र आएर थन्कियो । आवधिक बढुवा निरन्तर हुनैपर्छ । कुर्सीको हानाथाप नहुने, रकममा पनि खासै अन्तर नआउने, आवधिक बढुवालाई हरेक ५-५ वर्षका अन्तरालमा कार्यान्वयन गरिनुपर्छ र मात्र शिक्षकमा जोस, जाँगर र हौसला आउँछ । अब आउने शिक्षा विधेयकमा हरेक १० वर्षमा द्वितीय श्रेणीका लागि र १२ वर्षमा प्रथम श्रेणीका लागि आवधिक बढुवा प्रस्ताव गरिएको भनिएको छ । तर, यो मात्र पर्याप्त छैन । उही तहमा एक श्रेणी बढुवाका लागि यति लामो समय पर्खनु उचित हुँदैन । हरेक ५ वर्षमा आवधिक बढुवाको ढोका खोल्नुपर्छ र यसका लागि शिक्षकले न्यूनतम सिकाइ उपलब्धि भने हासिल गराउनैपर्ने प्रावधान राखिनुपर्छ ।

**प्रविधियुक्त बनाऔं**

आजको युग विज्ञान र प्रविधिको हो । शिक्षक विज्ञान र प्रविधिसँग परिचित हुन जरुरी छ । यसका लागि शिक्षकलाई सोहीअनुसारका शैक्षिक सामग्री पनि दिनुपर्छ । शिक्षकलाई ल्यापटप किन्न प्रेरित गरेको देखिन्छ । प्राडा विद्यानाथ कोइराला 'यसका लागि शिक्षकलाई ऋण दिने व्यवस्था हुनुपर्ने'मा जोड दिन्छन् । तर, ८०-९० हजारको ल्यापटप किनेर 'अपडेट' हुन जसले शिक्षकलाई सल्लाह दिन्छ, उसैले आफूले विद्यालयमा जाँदा निरीक्षण पुस्तिकामा लेख्ने कलमसमेत आफ्नो नभई सरकारी कार्यालयको हुन्छ । हामीमा लाज छैन । ७० रुपैयाँको 'पाइलट पेन'समेत अफिसबाट माग फाराम भरेर जसले लिन्छ, उसैले तिनै शिक्षकलाई 'निजी खर्चमा ल्यापटप किनेर पठनपाठनमा प्रयोग गर्ने' सल्लाह दिन्छ । यस स्तरको भेदभाव हुनुहुँदैन । कम्तीमा परीक्षाफलभन्दा अबको चासो शिक्षण सिकाइ कार्यकलाप सुधारतर्फ लक्षित हुनुपर्छ । 'कति पढ्ने होइन कि अब के पढ्ने ?' भन्ने मान्यताले स्थान पाउनुपर्छ । यसका लागि कक्षाकोठाको सिकाइ वातावरणमा नै सुधार आउनुपर्छ । घोकेर होइन, सिकेर पढाइ हुनुपर्छ । यसो गर्नका लागि उच्चतम प्रविधि प्रयोग गर्नुपर्छ र यसका लागि आवश्यक सामग्रीसहित शिक्षकलाई कक्षाकोठामा पस्ने वातावरण बनाइनुपर्छ ।

राजधानीबाट

# सेयर बजारमा झिनो अंकको वृद्धि



काठमाडौं । साताको पहिलो दिन आइतबार पनि सेयर बजारमा झिनो अंकको वृद्धि देखिएको छ । योसहित लगातार छैटौं दिन बजार बढेको हो ।

आइतबार नेप्से परिसूचक अघिल्लो दिनको तुलनामा २.४० अंक बढेसँगै २७०६ मा कायम भएको हो । कारोबार रकम केही घटेको छ । अघिल्लो दिन ९ अर्ब ६४ करोडको कारोबार भएकोमा आइतबार ९ अर्ब ५० करोडको भयो ।

अन्य समूह सबैभन्दा धेरै ३.०६ प्रतिशत बढ्यो । दुई पुनर्बिमा कम्पनी हिमालयन रि र नेपाल रिको मूल्य उच्च दरले बढ्दा यो समूहमा उल्लेख्य वृद्धि देखियो । त्यस्तै फाइनान्स २.४९ प्रतिशत बढ्यो । बैंकिङ ०.११, लगानी ०.३७, उत्पादन तथा प्रशोधन ०.६३ तथा व्यापार ०.८२ प्रतिशत बढे ।

विकास बैंक १.५३, होटल तथा पर्यटन ०.२५, हाइड्रोपावर १.०५, जीवन बिमा १.३०, माइक्रोफाइनान्स ०.०६ तथा निर्जीवन बिमा ०.५१ प्रतिशत घटे । नेपाल फाइनान्सको मूल्य सबैभन्दा धेरै १० प्रतिशत बढ्यो । गार्डियन माइक्रोलाइफ इन्स्योरेन्सको ७.३६, राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सनको ५.७०, अपरहेवाखोला हाइड्रोपावरको ५.१८ तथा जानाकी फाइनान्सको ४.९१ प्रतिशत बढ्यो ।

ग्रिन डेभलपमेन्ट बैंकको मूल्य ८.५८ प्रतिशत घट्यो । सिन्धु विकासको ५.८१, खानीखोला हाइड्रोपावरको ५.४३ प्रतिशत मूल्य घट्यो ।

धेरै कारोबार भएका कम्पनीमा नेपाल पुनर्बिमा, लक्ष्मी सनराइज बैंक संस्थापक, हिमालयन रिइन्स्योरेन्स, गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स र एनआरएन इन्फ्रास्ट्रक्चर क्रमशः अगाडि छन् ।

# सौन्दर्य दन्तचिकित्सा

डा. निशा खड्का

नेपालमा सौन्दर्यात्मक दन्तचिकित्सा हाल तीव्र गतिमा विकास भइरहेको छ। प्रविधिको प्रगति, रोगीहरूको बढ्दो सचेतना र सौन्दर्यात्मक उपचारहरूको मागका कारण दन्तचिकित्सा क्षेत्रमा नयाँ उचाइमा पुगेको छ। यो दन्तचिकित्साको एक विशेष शाखा हो, जसमा दन्तहरूको रूप, आकार र रंग सुधार गर्ने काम गरिन्छ। यसले दाँतहरूलाई राम्रो देखिने बनाउनको लागि विभिन्न प्रक्रियाहरू जस्तै दन्त ब्लीचिंग, क्राउन, भेनियरहरू, इत्यादि समावेश गर्दछ । सौन्दर्य दन्तचिकित्साले व्यक्ति को मुस्कानलाई आकर्षक र प्राकृतिक बनाउन मद्दत गर्दछ।

**सौन्दर्य दन्तचिकित्साका प्रमुख अंगहरू:**

**१ दन्त ब्लिचिङ**

दाँतहरूको प्राकृतिक रंगलाई उज्यालो बनाउने प्रक्रिया हो। दन्त ब्लीचिंगका विभिन्न एजेन्टहरू दाँतहरूको रंग सुधार्न र मुस्कानलाई आकर्षक बनाउनका लागि उपयोगी हुन्छन्। यद्यपि, यी एजेन्टहरूको प्रयोग सावधानीपूर्वक गर्नु महत्त्वपूर्ण छ, र दाँत चिकित्सकको सल्लाह अनुसार मात्र प्रयोग गर्नु उपयुक्त हुन्छ । अत्यधिक प्रयोगले दाँतको इनेमलमा क्षति पुर्‍याउन सक्छ, त्यसैले यसको उचित प्रयोग र निगरानी आवश्यक छ।

**२ दन्त क्राउन**

दाँतहरूको प्राकृतिक रंगलाई उज्यालो बनाउने प्रक्रिया हो। दन्त ब्लीचिंगका विभिन्न एजेन्टहरू दाँतहरूको रंग सुधार्न र मुस्कानलाई आकर्षक बनाउनका लागि उपयोगी हुन्छन् । यद्यपि, यी एजेन्टहरूको प्रयोग सावधानीपूर्वक गर्नु महत्वपूर्ण छ, र दाँत चिकित्सकको सल्लाह अनुसार मात्र प्रयोग गर्नु उपयुक्त हुन्छ । अत्यधिक प्रयोगले दाँतको इनेमलमा क्षति पुर्‍याउन सक्छ, त्यसैले यसको उचित प्रयोग र निगरानी आवश्यक छ।

**३ दन्त भेनियर**

दन्त वेनियर्स अत्यन्त पातला, दाँतको रंगसँग मेल खाने आवरणहरू हुन् जुन दाँतको अगाडिको सतहमा लगाइन्छ। यी आवरणहरू प्रायः पोर्सिलेन वा कम्पोजिट रेजिन सामग्रीबाट बनाइन्छ।

**४ इम्प्लान्ट**

गुमेका दाँतहरूलाई स्थानापन्न गर्न प्रयोग गरिने एक स्थायी समाधान हो। यसमा धातुको स्क्रू जस्तै इम्प्लान्ट राखिन्छ जसले नयाँ दाँतलाई समर्थन गर्दछ। यसले दाँतको जरा (चययत) को रूपमा कार्य गर्ने टाइटेनियमका स्क्रूलाई जब्डो हड्डीमा सर्जिकल रूपमा राखेर, त्यसमा कृत्रिम दाँत (अचयधल) जडान गर्ने प्रक्रिया समावेश गर्दछ।

दन्त इम्प्लान्टका प्रमुख प्रयोगहरू-एकल दाँतको प्रतिस्थापन,धेरै दाँतहरूको प्रतिस्थापन,पूर्ण दाँतहरूको प्रतिस्थापन (Full Mouth Rehabilitation)

**५. इन्भिजलाइन**

इंविसलाइन (Invisalign) एक आधुनिक दन्त उपचार विधि हो जसले पारदर्शी, हटाउन मिल्ने प्लास्टिकका ट्रेहरू प्रयोग गरेर दाँतलाई क्रमशः सिधा बनाउँछ। यसले पारंपरिक धातुका ब्रेसेसको सट्टा एक सुविधाजनक र सौन्दर्यपूर्ण विकल्प प्रदान गर्दछ।

**६. दन्त संरचना र आकारको सुधार**

दन्त रेशेपिङ र कण्टोरिङ (Tooth Reshaping and Contouring) एक प्रकारको सौन्दर्यजन्य दन्त उपचार हो जसले दाँतको आकार, लम्बाइ, र संरचनामा साना परिवर्तनहरू गरेर मुस्कानलाई आकर्षक बनाउँछ।

**७. गीजा कण्टुरिङ**

गीजा कण्टोरिङ (**Gum Contouring**) एक सौन्दर्यजन्य दन्त उपचार हो जसले गीजाको रेखा (gum line) लाई आकार दिन्छ र समायोजन गर्छ, जसले गर्दा मुस्कानलाई आकर्षक र सन्तुलित बनाउँछ।

**८. दन्त रंग मिलाउने**

दाँतहरूको रंगलाई व्यक्तिको प्राकृतिक रंगसँग मेल खाने बनाइन्छ ताकि मुस्कान अझैं प्राकृतिक र सौम्य देखिन्छ। दन्त रङ मिलाउनेका फाइदाहरू -प्राकृतिक देखावटः सही रङ मिलाउँदा दाँतको पुनःस्थापना प्राकृतिक र आकर्षक देखिन्छ। रोग प्रतिरोधात्मकताः सही रङ मिलाउँदा दाँतको सफाइ सजिलो हुन्छ र गम रोगको जोखिम कम हुन्छ । आत्मविश्वासमा वृद्धिः सन्तुलित मुस्कानले व्यक्तिको आत्मविश्वासमा वृद्धि गर्न सक्छ । एस्थेटिक डेन्टिस्ट्रीले व्यक्तिको आत्मविश्वास र सामाजिक छवि सुधार्न महत्त्वपूर्ण भूमिका खेल्दछ। तर, यसका साथ नैतिक जिम्मेवारी र बिरामीको स्वास्थ्यलाई प्राथमिकता दिनु आवश्यक छ। दन्त चिकित्सकहरूले प्रविधिको प्रयोग गर्दा बिरामीको भलाइ र स्वास्थ्यमाथि ध्यान दिनुपर्छ।

यसरी, एस्थेटिक डेन्टिस्ट्रीले सौन्दर्य र स्वास्थ्यको सन्तुलन कायम गर्दै व्यक्तिको मुस्कानलाई स्वाभाविक र आकर्षक बनाउन मद्दत पुर्‍याउँछ। स्वास्थ्य खबरबाट

# माटो परीक्षणबारे किसान अझै अनविज्ञ



फूलमाया सुनार
*बुटवल*

मानो छरेर मुरी उब्जाउने असार महिना । अहिले किसानको चहलपहल खेतमा गजबको देखिन्छ । पानीको छ्यापछ्याप्त, ट्र्याक्टरले जोतेको आवाज र किसानको हाँसो-ठट्टाबिच धान रोपाइको चटारो छ । वर्षभरिको खाद्यान्न आशाले किसान खेतमा पसिना बगाइरहेका छन् । तर यिनै किसानले रोप्दै गरेको जमिन कति उपज दिन सक्छ र माटोको अवस्था कस्तो छ भन्ने कुरामा भने धेरै अनविज्ञ छन् । जसरी हामी स्वास्थ्य परीक्षण नगरी औषधि खान सक्दैनौं, त्यसै गरी माटोको गुण थाहा नपाई मल हाल्नु गम्भीर गल्ती हुन सक्छ ।

बुटवल उप-महानगरपालिका वडा नम्बर १७ रानीगञ्जका झलकबहादुर ठकुरी को १७ कट्ठा जग्गा छ । उक्त जग्गामा उनले अहिले धान रोप्नको लागि तयारी गरिरहेका छन् ।

पुस्तौंदेखि खेतीपातीमा लागिरहेका ठकुरीको परिवारले माटो परीक्षण गराएकै छैनन् ।

' माटोमा कुन तत्वको मात्रा कति छ ? कुन पोषक तत्वको कमी छ ? यी थाहा पाउँदा उब्जनी कस्तो हुन्छ भन्ने भविष्यवाणी गर्न सकिन्छ भन्ने थाहा छैन,' उनी भन्छन्-'अहिलेसम्म माटोको परीक्षण गराइएको छैन, खेती गरिन्छ, मल हालिएको छ, तर माटो परीक्षण गर्न के गर्नुपर्छ, त्यो पनि थाहा छैन, उत्पादन पनि घट्दै गएको छ ।' त्यस्तै बुटवल १७ कै विकास गुरुङले पनि १ विगाह जग्गामा अहिले धान रोपेका छन् । उनले पनि माटो परीक्षण गराएका छैनन् । उनी भन्छन् - '१५ वर्षदेखि हो, खेतीपातीमा लागेको, माटो जचाउने काम भएको छैन, पहिला जसरी खेती गरिन्थ्यो, अहिले पनि त्यसरी नै गर्दै आएको छु ।' उनलाई पनि सही मल र मात्रा प्रयोग गर्न आवश्यकतानुसार मल हाल्न सकिन्छ । यसले लागत घटाउँछ र माटोको दीर्घकालीन उर्वरता जोगाउँछ भन्ने कुरामा अन्जानै छन् ।

कृषि पेशा नै अङ्गालेका सैनामैनाका पल्टु थारुले अहिलेसम्म माटो परीक्षण गराएका छैनन् । १ विगाह जग्गामा परम्परागत खेती गर्दै आएका थारुले माटो परीक्षण गर्नुपर्छ भन्ने जानकारी नै छैनन् । कहाँ जाने, परीक्षण गर्दा पैसा लाग्ने, झन्झट किन गर्ने

घरायसी प्रायोजनका लागि मात्रै बर्सेनि धान खेती र चैतेधान खेती गर्दै आएको कृषक थारुले बताए । आफूले कृषि गर्दै आएको जमिनको माटो कस्तो उत्पादन दिने खालको माटो हो भनेर यकिन भने छैन ।

"हामी त मल हाल्छौं, पानी हाल्छौं, बीउ पनि राम्रो प्रयोग गर्छौं, तर उपज चाहिँ हरेक वर्ष घट्दै गएको छ," बुटवल उप-महानगरपालिका-१७ का किसान चिन्का चौधरी भन्छन्-"माटो परीक्षण भनेर के हुन्छ, कसरी गरिन्छ भन्ने नै थाहा छैन हामीलाई ।"

उनलाई पनि कुन माटोमा कुन प्रकारको बाली उपयुक्त हुन्छ भन्ने जानकारी छैन जसले गर्दा सही बालीको छनोट गर्न सकेका छैनन् ।

माटो परीक्षण गर्दा पिएचस्तर (अम्लतारक्षारता) जान्न माटोको पिएचले बालीको वृद्धि, पोषक तत्वको उपलब्धता र मलद्वारा हुने असर निर्धारण गर्छ भन्ने कुरामा अनविज्ञ हुँदा किसानहरु मल किन्न कृषि पसल जाने गर्छन् । त्यहाँका व्यवसायी वा अरू किसानको सल्लाह अनुसार मल हाल्छन् । "डीएपी, युरिया र पोटास तीन थरिका मल हाल्नुपर्छ भन्छन्," बुटवल-११ की किसान शिला खाती भन्छिन्-"तर कुन माटोमा कति चाहिन्छ भन्ने कसैले भन्दैनन् । हाम्रो उत्पादन घटेको छ ।"

उनीहरु जस्ता कैयौँ किसान रुपन्देही जिल्लामा पनि यस्ता छन्, जसले अहिलेसम्म आफ्नो खेतको माटोको परीक्षण गराएका छैनन् । खेतीको मुटु मानिने माटोको स्वास्थ्य कस्तो छ भन्ने थाहा नपाइकन उनीहरू खेती गरिरहेका छन् । जसरी हामी स्वास्थ्य परीक्षण नगरी औषधि खान सक्दैनौं, त्यसै गरी माटोको गुण थाहा नपाई मल हाल्नु गम्भीर गल्ती हुन सक्छ ।

किसानका लागि माटो परीक्षण अत्यन्तै जरुरी विषय हो । कुन माटोमा कुन खेती लगाएर प्रतिफल निकाल्न सकिन्छ भन्ने विषयमा किसानहरूले जान्न नपाएका कारण लगानी अनुसारको उत्पादन हुन सकेको छैन, तर यो विषयमा किसान सचेत अझै हुन सकेका छैनन् ।

स्थानीय सरकारमै कृषिको इकाई पुगे पनि अझै पूर्णरूपमा किसानहरूलाई त्यसो सचेतना पुग्नै सकेको छैन । अहिले लुम्बिनी प्रदेशको कृषि निर्देशनालयले विभिन्न स्थानमा निःशुल्क माटो शिविर सञ्चालन पनि गरेको हुन्छ, तर किसानको सहभागिता अत्यन्तै कम रहेको त्यहाँ रहेका प्राविधिकहरू बताउँछन् ।

यता बुटवल उपमहानगरपालिका -१९ का अगुवा कृषक मुक्ति गैरेले दुई वर्षअघि कृषि प्राविधिकको सल्लाहमा माटो परीक्षण गराएका छन् । "त्यसपछि मैले नाइट्रोजन धेरै भएको थाहा पाएँ," उनी भन्छन्-"त्यस अनुसार मल घटाए, अनि उत्पादन बढ्यो पनि ।" यस्तै बुटवल १९ का कृषक रामनाथ उपाध्याय ले पनि १५ वर्षदेखि व्यवसायिक रुपमा विभिन्न प्रकारका खेती गर्दै आएका छन् । सही मल र मात्रा प्रयोग गरेपछि उत्पादन पनि राम्रो भएको छ ।

गैरे र उपाध्याय जस्तै सचेत कृषकको संख्या कम मात्रमा छ । बाँकी किसान अझै परम्परागत अनुमान र अनुभव कै भरमा मल हालिरहेका छन् ।

यस आर्थिक वर्षमा कृषि विकास निर्देशनालयको तेस्रो त्रैमासिक प्रगति विवरणअनुसार कृषि ज्ञान केन्द्र, कपिलवस्तुमा १ सिविर भएकोमा १७८ नमूना परीक्षण भयो भने कृषि ज्ञान केन्द्र, रुपन्देहीमा १ सिविर गरिएकोमा १२ नमूना परीक्षण गरिएको हो । भने कृषि ज्ञान केन्द्र, पाल्पामा ३४०, कृषि ज्ञान केन्द्र, गुल्मीमा १७२, कृषि ज्ञान केन्द्र, अर्घाखाँची १५, कृषि ज्ञान केन्द्र, दाङ ५५, माटो तथा मल परिक्षण प्रयोगशाला, खजुरामा ४ सिविर गरिएकोमा १ हजार २०२ माटो को नमूना परीक्षण गरिएको थियो । कुल १ हजार ९ सय ७४ नमूना परीक्षण गरिएको कृषि विकास निर्देशनालयले जनाएको छ । प्रदेश तथा स्थानीय तहको कृषि नीति र बजेटमा माटो परीक्षणलाई प्राथमिकता दिइएको पाइन्छ । तर कार्यन्वयन र प्रभावकारिता कमजोर भएको स्वयम कृषक बताउँछन् ।

माटो तथा मल परीक्षण प्रयोगशाला खजुरा बाँके कार्यालय प्रमुख आशिष पाठकका अनुसार माटो 'परीक्षण गरेपछि माटोको अवस्थाअनुसार कुन बाली लगाउने, मल कति हाल्ने, माटोलाई उपचारको आवश्यकता छ कि छैन भन्ने थाहा हुन्छ र माटोको उपचार हुन सक्छ,'- उनी भन्छन्-'अनि मात्रै बाली लगाउँदा उत्पादन बढ्छ, रोग ब्याधि कम लाग्छ भने उत्पादन लागत पनि घट्छ ।' उनले माटो परीक्षण गरेर सोहीअनुसार खाद्य तत्व प्रयोग गर्न थाले जिल्लामा अहिले खपत भइरहेको रासायनिक मलको मात्रा घट्ने बताए । 'पहिले गोठेमलको प्रयोग हुन्थ्यो । त्यसको तत्व २/३ वर्षसम्म बिरुवाले लिन्थ्यो, अहिले रासायनिक मलको प्रयोग बढी छ । सबै तत्व बिरुवाले नलिने हुँदा माटो बिग्रन थालेको हो,' उनी भन्छन्-'युरिया र डीएपी मात्रै हाल्ने गरिएको छ, पोटास पनि कम प्रयोग भएको छ । त्यसकारण पनि माटो बिग्रेको हो ।' बढी रासायनिक मलको प्रयोगले माटोमा भएको जीवाणु घटाउने काम गरिरहेको छ । सन्तुलन मिलाएर रासायनिक मलको प्रयोग नहुँदा माटो बिग्रदै गएको भनाइ छ ।

हाल नेपाललगायत विश्वमा नै माटोको भौतिक, रासायनिक तथा जैविक गुण बिग्रन गई उर्वराशक्तिमा ह्रास आउने क्रम दिन प्रतिदिन बढ्दो रहेको छ । कृषकहरु मानिसलाई जस्तै माटो परीक्षण गरेर सोहीअनुसार उपचार गर्नुपर्छ भन्ने ज्ञान समेत छैन । कृषि विकास निर्देशनालयका ज्ञान केन्द्र रुपन्देहीका प्रमुख रामप्रसाद पाण्डेले कृषकले माटो परीक्षण विनै अन्धाधुन्ध खेती भइरहेको बताए । माटो परीक्षण गरेर खाद्य तत्वको अवस्था के छ, माटोको अम्लीय र क्षारीयपनको अवस्था के छ भन्नेमा मापन गर्ने तथा माटोमा प्राङ्गारिक पदार्थको अवस्था जान्न पनि माटो परीक्षण अनिवार्य रहेको उनले जानकारी दिए ।

लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय खजुरा बाँकेमा माटो तथा मल परीक्षण प्रयोगशाला छ, यहाँ प्रयोगशालामा माटोको नाइट्रोजन, फोसफरस, पोटास, अर्गानिक पदार्थ, बनावट र पीएच परीक्षण हुन्छ, प्रङ्गारिक मलको प्राङ्गारिक पदार्थ, नाइट्रोजन, फोसफरस, पोटास, अर्गानिक पदार्थ, चिस्यान र पीएच तथा रासायनिक मलको नाइट्रोजन, फोसफरस, पोटास र पीएच परीक्षण नियमित रुपमा भैरहेको छ । तर अझैं पनि किसानहरुमा माटो परीक्षण गर्नुपर्छ भन्ने सोंचाइको विकास नभएको बाली संरक्षण (खाद्य सुरक्षा तथा कृषि व्यवसाय) प्रवर्धन महाशाखा निर्देशक घनश्याम चौधरीले बताए ।

# ग्रामीण स्वावलम्बन सहकारी सम्मानित

स्याङ्जा । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ मा रहेको ग्रामीण स्वावलम्बन साना किसान कृषि सहकारी संस्थालाई सम्मानित गरिएको छ । सहकारी व्यवसायमार्फत् कृषि क्षेत्रबाट सदस्यहरुको आर्थिक र सामाजिक विकासमा पुर्‍याएको योगदानको कदर गर्दै सहकारीलाई सम्मान गरिएको हो ।

राष्ट्रिय सहकारी महाहासं लि. नेपालद्वारा १०३औं अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा सहकारीलाई शनिवार पोखरामा सम्मान गरिएको थियो । गण्डकी प्रदेशबाटै उत्कृष्ट सहकारीका रुपमा छनौट भएको सहकारीलाई भूमि व्यवस्था, सहकारी तथा रिबी निवारण मन्त्री बलाराम अधिकारीले सम्मान गरेका हुन् ।

गण्डकी प्रदेशका झण्डै १५ हजार र स्याङ्जाका करिब ३ हजार क्रियाशिल सहकारी मध्येबाट छनौट भएको सम्मानित सहकारीले गरिबीबाट पछाडि परेका वर्ग र खासगरी महिलाहरुलाई स्वरोजगार बनाउने अभियान चलाएको छ । कृषि पेशामा आवद्ध बनाएर शेयर सदस्यहरुलाई स्वरोजगारमार्फत् उत्पादन वृद्धि र आर्थिक विकासमा टेवा पुर्‍याउँदै आएको छ ।

सहकारी संस्थाले कृषिमा व्यवसायीकरण गर्न कम्तिमा २० बाख्रा पालन गर्ने किसानलाई पशु बिमा गराएर खोर व्यवस्थापनामा ५ हजार नगद अनुदान दिँदै आएको छ । तरकारी तथा फलफूल र मासुजन्य वस्तु उत्पादन गरेमा बजारीकरणको सुनिश्चिततासँगै किसान पुरस्कृत गर्ने कार्यक्रम गर्दै आएको सहकारीका अध्यक्ष बोध नारायण रेग्मीले बताए ।

गाउँपालिकाभित्र २ हजार ५ सय शेयर सदस्य रहेको सहकारीले झण्डै ४ हजार ५ सय




कृषकलाई सेवा प्रबाह गर्दै आएको छ । कृषिमा आत्मनिर्भर बनाउन भकारो सुधार, पशु नश्ल सुधार कार्यक्रमअन्तर्गत उन्नत जातका बोका र राँगा व्यवस्थापन गर्दै आएको छ । २०५९ मा स्थापित सहकारीले ५० प्रतिशत अनुदानमा मासुजन्य लगानीमा २ वटा भैंसी फार्म, ४ वटा बाख्रा फार्म र २ बंगुर फार्म सञ्चालन गर्दै आएको छ ।

१ हजार ५ सय ३२ पुरुष र १ हजार ५ जना महिला शेयर सदस्य रहेको सहकारीले २६ करोड २७ लाख ४१ हजार २ सय २१ रुपैयाँको आर्थिक कारोबार गर्दै आएको सहकारीका प्रबन्धक शालिग्राम काफ्लेले जानकारी दिए । कृषि, पशु पालनका साथै हामीले बचतको कारोबारले शेयर सदस्यको आर्थिक र सामाजिक विकासमा काम गरिरहेको काफ्लेले सुनाए ।

२ करोड ५६ लाख ९४ हजार ५ सय ६० रुपैयाँको जगेडा कोष बनाएको सहकारीले १ करोड १३ लाख ४१ हजार ४ सय ७४ को पशु बिमा कोष र २० लाख ९७ हजार ९ सय २३ रुपैयाँ बराबरको शेयर सुरक्षण कोष बनाएको छ । सहकारीले करिब १ करोडको लागतमा ३ तलाको १८ कोठे व्यवसायिक भवन सञ्चालन गर्दै आएको छ ।

# प्रमुख पदमा नेतृत्व गर्न सक्षम बन्दै महिला जनप्रतिनिधि

पाल्पा । यहाँका महिला जनप्रतिनिधिले प्रमुख पदमा नेतृत्व लिन आफूहरू सक्षम रहेको बताएका छन् । विसं २०७९ को स्थानीय तहको निर्वाचनदेखि वडा सदस्य र कार्यपालिका सदस्यमा निर्वाचित भएका महिला जनप्रतिनिधिले आगामी निर्वाचनमा प्रमुख पदमा नेतृत्व लिन आफूहरू सक्षम रहेको बताएका हुन् ।

तानसेन नगरपालिका-२ की महिला सदस्य सविता भट्टराईले महिला पनि प्रमुख पदको नेतृत्व गर्न सक्षम भएकाले अवसर दिनुपर्ने धारणा राखिन् । तीन वर्षको अनुभवले नेतृत्व कसरी गर्ने भन्नेबारे सैद्धान्तिक जानकारी प्राप्त भएको जानकारी दिँदै उनले भनिन्-"यो बिचमा नेतृत्व, जनसम्पर्क विस्तारलगायत क्षेत्रमा प्रशस्त अनुभव बटुल्यौँ, वडाको प्रमुखदेखि नगरको प्रमुख भएर पालिका चलाउने दृढ इच्छाशक्ति र सङ्कल्प छ । हामीलाई सफल बनाउन आमनागरिकको साथ र अवसरको खाचौँ छ ।"

वडा र नगर प्रमुखको आकांक्षी महिला अब नेतृत्वमा आउनुपर्नेमा सदस्य भट्टराईले जोड दिइन् । गत स्थानीय तहबाट निर्वाचितमध्ये ३१ जना महिलाले १४ वटा वडामा कार्यवाहक वडाध्यक्षका रूपमा जिम्मेवारी लिएर काम गरिरहेका छन् । महिला जनप्रतिनिधि कार्यवाहक वडाध्यक्षको नेतृत्व गर्न सफल भएकाले आगामी दिनमा जिम्मेवारीसँगै वडाध्यक्ष तथा नगरप्रमुखको नेतृत्व लिन सक्षम बनेका तानसेन-५ की वडासदस्य लक्ष्मी विकले बताइन् ।

हाल वडा सदस्यको जिम्मेवारीमा रहेका केही महिला जनप्रतिनिधिले आगामी निर्वाचनमा वडाध्यक्ष पदमा उम्मेदवारी दिने योजना बनाएको उनीहरूको भनाइ छ । यहाँका १४ वटै वडाध्यक्षले



दिएको कार्यवाहकको जिम्मेवारी सफलतापूर्वक निर्वाह गरेका महिला जनप्रतिनिधिले बताएका छन् । उनीहरूले स्थानीय सरकारको नीति, नियम, कार्यक्रम, योजना तथा बजेटका विषयमा विज्ञता हासिल भएको जनाए ।

अहिले नगरपालिका निर्वाचित महिला कार्यकारी पदमा नभएकाले आगामी दिनमा कार्यकारी पदमा बसेर जनताको सेवा गर्ने योजना रहेको कार्यपालिका सदस्य मञ्जु विकले बताइन् । निर्वाचनमा टिकट दिने विषय पार्टीको भएकाले महिलालाई अगाडि बढाउन पार्टीले अवसर दिनुपर्नेमा जोड दिँदै जनतासँग साथ र सहयोगका लागि आग्रहसमेत गरिन् ।

"पार्टीले अनुमोदन गरी अवसर दिएमा जनताको सहयोगमा उल्लेख्य कार्यसम्पादन गर्ने प्रतिबद्धता गर्दछु । प्रमुखको जिम्मेवारी बहन गरी जनताको सेवा गर्ने सङ्कल्प गरेकी छु ।"-उनले भनिन् ।

नगरपालिकाका ७३ जना जनप्रतिनिधिको निर्वाचित बोर्ड संरचनामध्ये उपप्रमुखसहित ३३ जना छन् । नगरका १४ वटा वडाबाट महिला र दलित गरी २८ जना महिला निर्वाचित भएका छन् भने तीन वटा वडामा खुला सदस्यमा महिला निर्वाचित भएका छन् ।

एक जना दलित महिलालाई तानसेन नगरपालिका बोर्डले कार्यपालिका सदस्यमा मनोनीतसमेत गरेको छ ।

नगरका ३३ जना महिला जनप्रतिनिधिमध्ये उपप्रमुखसहित छ जना कार्यपालिका सदस्य छन् । ती महिला कार्यपालिका सदस्यहरू हालसम्मको कुनै पनि बैठकमा अनुपस्थित नभएका जनाइएको । साथै नगरका सबै महिला जनप्रतिनिधि विभिन्न विषयगत समितिमा बसेर सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् ।

# पेसा संरक्षण गर्न सङ्गठित भए 'परियार' समुदाय

तुलसीपुर । आफ्नो पेसा संरक्षण गर्न दाङको तुलसीपुरस्थित 'परियार' समुदाय सङ्गठित भएका छन् । यो समुदायको पुर्खादेखिको पञ्चेबाजा बजाउने पेसा पछिल्लो समय लोप हुने अवस्थामा पुगेको छ । साथै समुदायका पुर्खाले कपडा सिलाएर आम्दानी गर्ने गरेकामा अहिले यो पेसा पनि सङ्कटमा पर्न थालेको भन्दै संरक्षणका लागि सङ्गठित भएका हुन् ।

परियार एकता समाज दाङ गठन गरेर यो समुदाय सङ्गठित भएको अध्यक्ष निर्मल परियारले बताए । "हाम्रो पेसा लोप हुने अवस्थामा छ, हाम्रा पुर्खाले गरेको पेसा अहिले अन्य समुदायले गरेर आम्दानी लिइरहनुभएको छ", उनले भने-"अब हामीले यसबाट आम्दानी लिन सक्नुपर्छ ।"

पुर्खाले बाजा बजाएकै कारण विभेद खेप्नु परेको भए पनि अहिले त्यो पेसा सबै समुदायले अँगालेर आम्दानी लिइरहेकाले यो समुदाय पनि सक्रिय भएर पेसा संरक्षणमा जुट्नुपर्ने दलित अगुवा करण परियारले बताए । उनले आफ्नो पुर्खाले गरेको पेसालाई अहिले अन्य समुदायले पनि आम्दानीको स्रोत बनाउँदा दलित समुदाय मुखदर्शक भएर हेर्नुपर्ने अवस्थाको अन्त्य गर्न र पेसाको प्रवर्द्धन गर्न पहल थालिएको उल्लेख गरे ।

"हाम्रा पुर्खाले विगतमा धान, गहुँसँग कपडा सिलाउने सीप साटेर जीवन चलाउने गरेका इतिहास छन्", उनले भने-"त्यसैले सिलाउने, बजाउने पेसालाई हामीले अगाडि बढाउनुपर्छ ।" यसरी दलित समुदायले व्यवसाय गर्न चाहेमा सरकारले सहजै ऋण दिने व्यवस्था मिलाउनुपर्नेमा उनले जोड दिए ।

समाजले तुलसीपुरस्थित बसपार्कमा भवन निर्माण गरिसकेको छ । पछिल्लो समय अन्य समुदायले पञ्चेबाजा बजाउने पेसालाई व्यावसायिक रूपमा अगाडि बढाइरहेको अवस्थामा दलित समुदाय आफैं अग्रसर भई पुर्खाको पेसा संरक्षण र प्रवर्द्धनमा एकजुट भएका हुन् । तुलसीपुरमा १०० बढी परियार समुदाय सङ्गठित भएका छन् ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०३।१६

यस कम्पनीको मिति २०८२।०२।२८ मा सम्पन्न बार्षिक सभा / बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी क्रिमसन फार्मेसी (Crimson Pharmacy) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नाम क्रिमसन सर्जिकेम प्रा.लि. (Crimson Surgichem Pvt.Ltd) ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०३।०९ को निर्णय अनुसार कम्पनीको नाम क्रिमसन सर्जिकेम प्रा.लि. ( Crimson Surgichem Pvt.Ltd) कायम गरिएको ब्यहोरा जानकारी गराइन्छ ।

Crimson Surgichem Pvt. Ltd. Tilottama-5, Manigram, Rupandehi

**क्रिमसन सर्जिकेम प्रा. लि.**
तिलोत्तमा ५, मणिग्राम रुपन्देही फोन नं. ०७१-५६२७४

## मालपोत कार्यालय अर्घाखांचीबाट राम प्रसाद खनालका नामको जग्गा नामसारी सम्बन्धि विषयमा मिति २०८२।०३।११ मा जारी भएको ३५ दिने सार्वजनिक सूचना ।

यसमा जिल्ला अर्घाखाँची हाल छत्रदेव गाउँपालिका वार्ड न. ४ साविक केरुवा गा.वि.स. वडा नं. ६ बस्ने राम प्रसाद खनालको छोरी नविना खनालले आफ्नो बुवा राम प्रसाद खनालको २०६१।०२।११ सालमा मृत्यु भएको आमा कविता खनालले अन्यत्र विवाह गरेको मृतक राम प्रसाद खनाल र कविता खनालबाट एक छोरी नविना खनालको मात्र जन्म भएको हुँदा मृतक राम प्रसाद खनालको नाममा रहेको साविक केरुवा गाविस वडा नं ६ हाल छत्रदेव गाउपालिका वडा नं . ६ मा पर्ने कि नं १४३, १४४, १६५३ क्षेत्रफल ४-७-०-० ०-८-२-० १२-८-३-२ क्रमशका जग्गाको एकमात्र हकवाला आफु रहेकाले आफना नाममा नामसारि गरिपाउँ भनि छत्रदेव गाउँपालिका वार्ड न. ४ को च.न. ६९९ मिति २०८२।०३।०१ को किटानी सिफारिस सिफारिस सहित माग निवेदन पेश गरेकोले निजको मिसिल सामेल प्रमाण कागज हेर्दा मृतक जग्गाधनीको अन्य सन्तानको जायजन्म भएको हो वा होइन? निजकी श्रीमतीको अन्यत्र विवाह भएको हो वा होइन? निजका अन्य कोही हकदार छन्, छैनन् ? निवेदकको माग बमोजिमको जग्गा नामसारी गरिदिन मिल्छ मिल्दैन ? सो उपर कारवाहीको सिलसिलामा कोही हकदार भएमा यो सुचना जारी भएको मितिले ३५ (पैतिस) दिनभित्र दावी विरोधका लागि स- प्रमाण यस कार्यालयमा आउनुहोला अन्यथा निवेदकको माग बमोजिम तपशिलको जग्गा नविना खनालका नाममा एकलौटी नामसारी भै जाने व्यहोरा सम्बन्धित सबैको लागि सुचित गरिन्छ ।

**तपशिल**

| सि नं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | केरुङ्गा | ६<br>६<br>६ | १४३<br>१४४<br>१६५३ | ४-७-०-०<br>१०-८-२-०<br>२-८-३-२ | पा. सी<br>पा. चा<br>पा. चा | जग्गाधनिको नामः राम प्रसाद खनाल<br>नामसारी माग गर्ने : नविना खनाल |

भिमार्जुन भुसाल
मालपोत अधिकृत

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# मनाइयो शोकको पर्व मोहर्रम



**मोहम्मद हबिब**

*भैरहवा*

भैरहवासहित विश्वका इस्लाम धर्मावलम्बीको शोकको पर्व मोहर्रम मनाइएका छन् । इस्लाम धर्मका प्रवर्तक हजरत मोहम्मद पैगम्बरका नाती हजरत हुसैनको शाहादत (शोक) मा यो पर्व मनाइने गरिन्छ। हुसैन इराकको राजधानी बगदाद भन्दाको करबला भन्ने ठाउँमा यजीदी फौजसँगको धर्मयुद्धमा शहीद भएका थिए । आइतबार (मोहर्रम १०) तारिखमा ताजियाको बिजर्सन गरी मोहर्रम पर्वको विधिवत समापन हुने गर्दछ। यो पर्वले हिन्दु तथा मुस्लिम धर्मावलम्बीहरुको एकताको पर्वको रुपमा पनि परिचय बनाउँदै गएको छ । सदभावको प्रतिकको रुपमा रहेको यो पर्वमा वर्षेनी श्रद्धालु बढ्दै गएका छन्। हिन्दु र मुस्लिम दुवै समुदाय उत्तिकै आस्था राखी हिन्दु धर्मावलम्बीहरु पनि मुस्लिम जस्तै तजिया बनाई विधिवत रुपमा पूजा अर्चना गर्ने गरेका छन् ।

इस्लामिक धर्मको नयाँ वर्षका दिनदेखि सुरु हुने मोहर्रमका १० दिनसम्म नै फरक-फरक तरिकाले पर्व मनाउने गर्दछन् । मोहर्रमको १० तारिखलाई महान दिन असुरा पनि भनिन्छ । मोहर्रम १० तारिखकै दिन धेरै नबीहरु माथि अल्लाहको इनायत भयो र पापीहरुलाई सजाय गरिएको थियो जसमा हजरत हुसैनले पनि सहादत पाएका थिए । । हुसैनले इस्लाम र मानवता को रक्षा गर्न आफ्नो परिवार र साथीहरुको लागि बलिदान दिएका थिए ।

त्यसैले यो शोक दिनको सम्झनामा मस्जिदमा कुरआन पाठ गरिनुका साथै बेलुकी खिचडा (खाने पक्वान्न) बनाएर बाँडिन्छ । घरमा बनाइएका ताजियाहरु नजिकको कर्बला(रणभूमि)मा पुगेर बिभिन्न परम्परागत खेल तमासा तथा ताजियालाई विभिन्न सामग्री अर्पण गरी यो पर्व मनाइन्छ। भाकल गर्नेहरुले आफ्नै लागतमा ठूलो ताजिया बनाउने पनि गर्दछन्, विशेषगरी मोहर्रम पर्व मुस्लिम समुदायले मनाउने भए पनि भाकल पूरा भएको भन्दै केही हिन्दु धर्मावलम्बीले पनि ताजिया राख्ने गर्छन् ।

सन् ६८० अक्टोबर १० तारिखका दिन इराकको राजधानी बगदादभन्दा सय किलोमिटर टाढा उत्तर पूर्वको करबलामा यजीदी फौजसँगको धर्मयुद्धमा सहादत प्राप्त गरेका हुसैनको सम्झनामा ताजिया बनाई मोहर्रम पर्व मनाउने परम्परा सुरु भएको हो ।

हसन तथा हुसेनको प्रतिक स्वरुप बासको ढाँचामा विभिन्न रङ्गीचङ्गी कागज बेरी ताजिया बनाइने गरिन्छ। तजिया भनेको युद्धको बेला प्रयोग गरिएको एक प्रकारको हतियार हो । ताजियाहरुलाई शनिबार साँझ अर्थात् ९ मोहर्रम नवमीका दिन पूजा गरी दशौँ दिन बिर्सजन गरी समापन हुन्छ ।

नेपाललगायत दक्षिण एशियाली मुलुकहरुमा विशेष महत्वका साथ यो पर्व मनाइन्छ। मुस्लिमहरु मात्रै मनाउँदै आएको यो पर्व पछिल्लो समय हिन्दु धर्मावलम्बीहरुले पनि मनाउने गरेका छन् । ताजियाप्रति आस्था बढ्दै गएपछि, मागेको भाकल पुरा हुने भएपछि हिन्दु समुदायले पनि ताजिया बनाउने गरेका छन् ।

भैरहवाको भैरहवा गाउँ, कठौतिया, बसडिलवा, खजहना, भैयाटोल, गल्लाण्डी, उदयपूर, दोगहरालगायतका क्षेत्रमा ताजिया निर्माण गरी भैरहवास्थित करबलामा विसर्जन गरिएको छ।

यो महिना भनेको इस्लामिक नयाँ वषको पहिलो महिना पनि हो । इस्लाम धर्मका प्रवर्तक हजरत हजरत मोहम्मद सल्लाहु अलैही वसल्लम साउदी अरबको मक्कामा जन्मेर अल्लाहको दूत 'नबी' का रूपमा इस्लामका बारेमा प्रचारप्रसार गर्दै गर्दा त्यतिबेलाका शासकहरूले उनीमाथि अत्याचार गर्न थालेपछि अल्लाहको आदेशानुसार मक्का सहर छोडेर मदिना गएको दिनदेखि नै इस्लामिक संवत् मनाउने परम्परा सुरु भएको हो।

हिजरी संवत् मुस्लिम समुदायले हिजरी सम्वतको पहिलो दिनलाई नयाँ वर्षको रूपमा मनाउँछन् । यसलाई इस्लामिक संवत् पनि भनिन्छ । मुस्लिम समुदायको बाक्लो बसोबास भएको क्षेत्रमा हिजरी संवतलाई नयाँ वर्षको रुपमा मनाइन्छ।

हिजिरी सम्वत इतिहासको पुरानो सम्वत हो। हिजरतको इतिहासमा लागु भएकालेनै यो सम्वतलाई हिजिरी भनिन्छ। इतिहासमा उल्लेख गरिएअनुसार हजरत मोहम्मद सल्लाहु अलैही वसल्लमको दोस्रो प्रतिनिधि राजा हजरत उमर फारुखले आफ्नो पालामा लागू गरेका थिए।

नयाँ वर्ष हिजरी सम्वतको पहिलो महिना मोहर्रम हो । इस्लाम धर्मका सबै चाड पर्व हिजरी सम्बत् अर्थात् हिजरी पात्रो अनुसार नै तय हुन्छन् । यो चन्द्रमासका आधारमा हुन्छ। १२ महिनासहित ३५४ दिन हुने यो सम्वत अरु सम्वत भन्दा ११ दिन पछाडि हुँदै जान्छ।

# होम स्टे तालिम लिनेलाई बिउपुँजी वितरण



**कृष्ण पोखरेल**

*पाल्पा*

पालिकाभित्रका अग्लाअग्ला पहाड तथा टाकुराहरुमा ग्रामीण पर्यटन व्यवसाय फैलाइ स्थानीयहरुको आयआर्जन बढाइ, युवाहरुलाई गाउँमै स्वरोजगार बनाउन तिनाउ गाउँपालिका सामुदायिक कृषिपर्यटन(होम स्टे प्रवर्धन) कार्यक्रम सञ्चालन गरेको छ।

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तरगत तिनाउ गाउँपालिकाले वडा नं. ५ मरामकोट र वडा नं. ६ जन्तीलुङ्गमा सामुदायिक होम स्टे सञ्चालनमा ल्याएको छ। मरामकोट र जन्तीलुङ्गमा दैनिक १ सयभन्दा बढी पर्यटकहरु घुम्न जाने गरेका छन् ।

गाउँपालिकाले होम स्टे सञ्चालन गर्दा चाहिने कृषि उत्पादन गाउँमै उत्पादन गर्ने अभियानका साथ बाख्रा, बंगुर, कुखुरा, तरकारी, मौरीसम्बन्धित तालिम लिएका मरामकोट र जन्तीलुङ्गवासीहरुलाई बिऊपुँजी वितरण गरेको छ।

विभिन्न लोकल कुखुरा पालन तालिममा सहभागी भएका ३० जनाले ९ वटाका दरले लोकल कुखुरा, बंगुरपालनमा सहभागी २८ जनालाई एक वटा बंगुरको बच्चा, बाख्रापालनमा सहभागीहरुलाई एक-एक वटा बाख्रा, तरकारी खेतीमा सहभागीहरुलाई दुई-दुई वटा टनेल, सिँचाइको लागि दुई-दुई वटा प्लाष्टिक ड्रम, पाइप स्प्रिङकल, मौरी पालनमा सहभागीहरुलाई एक-एक वटा आधुनिक मौरी घारलगायतका सरसामानहरु गाउँपालिकाले बिउपुँजीको रुपमा वितरण गरेको छ । पाहुना राख्नको लागि जन्तीलुङ्गमा ७ वटा, मरामकोटमा २ वटा पाहुना घर निर्माण भएका छन् ।

गाउँपालिकाले होम स्टेमा चाहिने महको लागि मौरी, मासुको लागि कुखुरा, बाख्रा, बंगुर, तरकारीको लागि मौसमी बेमौसमी तरकारीसहित दुबै गाउँका स्थानीयहरुलाई तालिम प्रदान गरेको छ । हाल मरामकोटमा ५ घर र जन्तीलुङ्गमा १२ घरमा होम स्टे सञ्चालनमा रहेको छ।

बिउपुँजी वितरण कार्यक्रममा गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले मरामकोट र जन्तीलुङ्गमा व्यवस्थित रुपमा होम स्टे सञ्चालन गर्न पालिकाले ठूलो लगानी गरेको बताए। गाउँमै बसीबसी पर्यटन व्यवसायमको माध्यमबाट आयश्रोत बढाउन होम स्टे व्यवसायलाई प्रवर्धन गर्न बिउपुँजीसहितको तालिमहरु सञ्चालन गरेको अध्यक्ष श्रेष्ठले बताए।

पालिका उपाध्यक्ष लालबहादुर थापाले मरामकोट र जन्तीलुङ्ग पैसा फल्ने स्थान भएकोले महिनामा एक परिवारबाटै लाखौ रुपैयाँ कमाउन सकिने स्थिति देखेर पालिकाको साझेदारीमा लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालन भएको बताए । प्रमुख प्रशासकीय अधिकृत दिनेश सारुले जन्तीलुङ्ग र मरामकोट निकै सुन्दर ठाउँ रहेछ, हिमालदेखि तराईसम्मका दृश्यहरु एकै स्थानबाट एकै नजरमा हेर्न सकिने रहेछ, प्राकृतिक सुन्दरतामा रमाउन आएका पर्यटकहरुको माध्यमबाट स्थानीयस्तरमा आम्दानी बढाउन पालिकाले सहयोग निरन्तर रहने जनाए । पालिकाले बिउपुँजीको माध्यमबाट मौरी, कुखुरा, बाख्रा र बंगुर, मौसमी तथा बेमौसमी तरकारीको उत्पादनमा वृद्धि गर्ने अपेक्षासहित तालिममा सहभागीहरुलाई निश्चित समयसम्म बिउपुँजीमा पाउने गरी स्थानीयहरुमा वितरण गरेको तिनाउ गाउँपालिका मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमका फोकल पर्सन कृष्ण ज्ञवालीले बताए।

पालिकाले होम स्टे प्रचारप्रसारको लागि सिद्धार्थ राजमार्गको दोभान, झुम्सा, चर्चरे, डुम्रे तथा दुबै क्षेत्रको विभिन्न चोक चोकमा होडिङ्गबोर्डहरु समेत राखेको छ।

# २२ जेहेन्दार विद्यार्थीलाई ट्रक समितिको छात्रवृत्ति



बुटवल । पश्चिमाञ्चल यातायात व्यवसायी समिति प्रधान कार्यालय बुटवलले जेहेन्दार विद्यार्थीलाई छावृत्ति वितरण गरेको छ।

यातायात व्यवसायी र चालक तथा मजदुरका छोराछोरीलाई छात्रवृत्ति दिनका लागि २०६३ सालमा छात्रवृत्ति अक्षयकोष स्थापना गरिएको थियो। सोही अक्षय कोषको रकमबाट जम्मा भएको व्याजबाट समितिले २२ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको हो । समितिले कार्यालयमा विशेष कार्यक्रम गरी रुपन्देही, पाल्पा, गुल्मी, अर्घाखाँची स्याङ्जा, कपिलवस्तु, नवलपरासीका विभिन्न स्कुलमा अध्ययनरत २२ जना विद्यार्थीलाई नगद १० हजारका दरले छात्रावृद्धि प्रदान गरेको हो ।

आर्थिक रुपले कमजोर अवस्था भएका जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको पशिचमाञ्चल यातायात व्यवसायी समिति प्रधान कार्यालय बुटवलका अध्यक्ष टिकाराम गौतमले बताए । छात्रवृत्तिको सहयोग रकम थोरै भए पनि विद्यार्थीलाई पढ्नका लागि केही सहयोग मिल्ने र अभिभावक, विद्यार्थीमा हौसला बढाउने भएकाले प्रत्येक वर्ष जस्तै यस वर्ष पनि छात्रावृत्ति प्रदान गरिएको अध्यक्ष गौतमले बताए।

उक्त कार्यक्रममा नेपाली कांग्रेस लुम्बिनी प्रदेश संसदीय दलकी प्रमुख सचेतक जमुना ढकालले शिक्षा, स्वास्थ्य राज्यले निःशुल्क दिनुपर्ने बताइन् । उनले संविधानले शिक्षा, स्वास्थ्यलाई मौलिक हकमा राखेकाले शिक्षा, स्वास्थ्य निःशुल्क हुनुपर्ने र यो विषयमा लुम्बिनी प्रदेश सरकारसँग कुरा उठाउने बताइन् । रुपन्देहीका केही विद्यालयले विद्यार्थीले पाउने सुविधा कटौती गरेको अनुगमनको क्रममा भेटाइएको उल्लेख गर्दै त्यस्ता विद्यालयलाई कारबाही गरिने चेतावनी दिइन् ।

नेपाल प्रहरी प्रदेश कार्यालय भैरहवाका प्रमुख महेन्द्र खड्काले हरेक सामाजिक संघसंस्थाहरु समाजप्रति उत्तरदायी हुनुपर्ने बताए । उनले यातायात क्षेत्रमा आफ्ना समस्याहरु थुप्रै हुँदाहुँदै पनि विद्यार्थीका लागि अक्षयकोष स्थापना गरेर छात्रावृत्ति प्रदान गर्ने कार्यको प्रसंशा गर्दै यसबाट थुप्रै विद्यार्थीले लाभ लिएको बताए । नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क भने पनि व्यवहारमा त्यस्तो हुन नसकेको बताउँदै सबै विद्यार्थी शिक्षाको पहुँचमा पुग्नु पर्नेमा जोड दिए।

रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले विद्यार्थीलाई शिक्षाको पहुँचमा पुराउन यो छात्रावृत्तिले सहयोग पुराउने बताएका थिए।

समितिका पूर्व अध्यक्ष तथा छात्रवृत्ति अक्षयकोष संरक्षक अर्जुन रानाभाटले आर्थिक अवस्था कमजोर भएकै कारण कुनै पनि यातायात व्यवसायी र मजदुरका छोराछोरी पढ्नबाट वञ्चित हुन नपरोस् भनेर २०६३ सालमा छात्रवृत्ति अक्षयकोष स्थापना गरिएको बताए । समितिका पूर्व अध्यक्ष रामेश्वर श्रेष्ठले १० टन क्षमता थाम्ने सडकहरुमा ४० टन क्षमता भएका गाडीहरु गुडाउँदा सडक र पुलहरु भत्किएकाले अबको केही वर्षमा नेपालका सडकहरुको अवस्था झनै कमजोर हुने भएकाले यस विषयमा राज्यलाई गम्भीर हुन आग्रह गरे ।

कार्यक्रममा पश्चिमाञ्चल यातायात व्यवसायी समितिका वरिष्ठ उपाध्यक्ष कमल घिमिरे, कालिका माध्यमिक विद्यालय पाल्पाका अध्यक्ष जुद्धबहादुर कार्की, समितिका महासचिव खिमबहादुर थापालगायतले आ-आफ्ना भनाइ राखेका थिए।

# भरतपुर अस्पतालमा चिकित्सकको धर्ना

चितवन। उपभोक्ता अदालतसम्बन्धी विषयमा असन्तुष्टि जनाउँदै नेपाल चिकित्सक सङ्घले घोषणा गरेको चरणबद्ध आन्दोलनअन्तर्गत आइतबार यहाँको भरतपुर अस्पतालमा चिकित्सकले धर्ना दिएका छन् । चिकित्सकसँग निजी अस्पताल सञ्चालक, नर्सलगायत स्वास्थ्य क्षेत्रका सरोकारवालाले ऐक्यबद्धता जनाउँदै धर्ना दिएका हुन् ।

चितवनका विभिन्न अस्पतालमा कार्यरत चिकित्सक भरतपुर अस्पतालमा जम्मा भएर एक घण्टा धर्ना दिएका थिए । धर्ना कार्यक्रममा नेपाल चिकित्सक सङ्घ चितवनका अध्यक्ष डा. उमेश नेपाल, भरतपुर अस्पताल विकास समितिका निवर्तमान अध्यक्ष डा. भोजराज अधिकारी, सङ्घका उपाध्यक्ष एवं भरतपुर अस्पताल विकास समिति कर्मचारी युनियनका अध्यक्ष डा. दिपेन्द्र न्यौपाने, निजी अस्पताल समन्वय समिति (अफिन) चितवनका अध्यक्ष विक्रम अधिकारी, नेपाल नर्सिङ सङ्घका केन्द्रीय उपाध्यक्ष बबिता घिमिरेलगायतले बोल्दै माग पूरा नहुञ्जले आन्दोलन जारी रहने भन्दै चिकित्सकीय सेवालाई उपभोक्ता अदालत लैजान नहुने बताएका थिए।

सङ्घका सचिव डा. महेन्द्र अग्रहरिका अनुसार कार्यक्रममा चितवन मेडिकल कलेज शिक्षण अस्पताल, कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पताल, बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताललगायत निजी र सरकारी अस्पतालका चिकित्सक सहभागी थिए।

# जन्मदिनमा अपाङ्ग आश्रमलाई सहयोग



बुटवल । मणिमुकुन्द मावि तथा कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले आफ्नो जन्म दिनमा अपांग आश्रममा आश्रितलाई सहयोग गरेका छन् ।

जन्म दिनमा अन्य फजूल खर्च गर्नुको साटो क्षेत्रीले बुटवल ११ देवीनगरस्थित अपाङ्ग आश्रममा पुगेर खाद्यान्न वितरण गर्दै त्यहीं खाना खाएर जन्म दिन मनाएका हुन् । मानवीय सेवा भावले आश्रममा पुगेर चामल दाल, तेललगायत खाद्यान्न प्रदान गरी त्यहाँ बस्दै आएका अपाङ्गता भएका व्यक्तिहरुसँगै खाना खाएर जन्मदिन मनाउँदा सामाजिक रुपमा पनि सकारात्मक सन्देश दिन खोजेको क्षेत्रीले बताए ।

क्षेत्रीले अन्य अवसरमा पनि आफूभन्दा कमजोर व्यक्तिलाई सक्दो सहयोग गर्दै आएको बताए ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com